# कोभिड -१९ सँग लड्नका लागि
# मानवीय मापदण्डहरूको प्रयोग

कोरोना भाइरस विश्वव्यापी रूपमा फैलिइरहेको छ । व्यक्ति, समुदाय,
क्रियाशील मानवीय निकाय तथा स्थानीय एवं केन्द्रीय अधिकारीहरूले प्रभावित मानिसका
अधिकारहरूको रक्षा गर्नका लागि सर्वोत्कृष्ट किसिमबाट कसरी प्रतिकार्य गर्लान् ?

## स्फियर र यसका साझेदारका मापदण्डहरूले हाम्रो प्रतिकार्यलाई मार्ग-दर्शन गर्न सक्दछन् ।

गलत सूचना तथा तिरस्कारको खतरासहितको असुरक्षाका परिस्थितिहरूमा, भाइरस फैलने कार्यलाई सीमित पार्नका निमित्त मदत गर्नका लागि एकदमै महत्त्वपूर्ण एवं आधारभूत सिद्धान्त तथा क्रियालापहरूका बारेमा थाहा पाउनु र तिनलाई प्रयोगमा ल्याउनु महत्त्वपूर्ण हुन्छन् ।

मानवीय क्षेत्रमा त्यस्ता औजारहरू विद्यमान छन् जुन औजारहरूले कोभिड-१९ मा तपाईंले गर्ने प्रतिकार्यमा प्रत्यक्ष रूपमा सहयोग पुऱ्याउन सक्दछन् । सन् २०१४ मा पश्चिम अफ्रिकामा इबोला महामारी फैलिएदेखि नै रोगको महामारीमा गरिने प्रतिकार्यमा केन्द्रित रहेर यस क्षेत्रमा महत्त्वपूर्ण ज्ञान र प्रमाणहरूको सङ्कलन गरिँदै आइएको छ ।

एकदमै विस्तृत औजारहरूमध्येको एउटा औजार भनेको **स्फियर निर्देशिका** हो । स्फियर र **मानवीय मापदण्डहरूसम्बन्धी साझेदारी** (Humanitarian Standards Partnership – HSP) मा त्यस्तो न्यूनतम प्रतिकार्यलाई परिभाषित गर्ने **मापदण्ड तथा मार्ग-दर्शनहरू** छन् जुन प्रतिकार्यको अपेक्षा गर्ने अधिकार **सङ्कटबाट प्रभावित सम्पूर्ण मानिसहरूलाई हुन्छ** । ती मापदण्ड तथा मार्ग-दर्शनहरूले मर्यादापूर्वक बाँच्नका लागि र पुनर्लाभ हासिल गर्नका लागि प्रभावित जनसङ्ख्याका निमित्त **के विद्यमान हुनु आवश्यक हुन्छ** भन्ने कुरा स्थापित गर्दछन् । स्फियर मापदण्डहरू कोभिड-१९ जस्तो जनस्वास्थ्यसम्बन्धी आपत्कालीन परिस्थितिका लागि प्रत्यक्ष रूपमा सान्दर्भिक छन् र तिनमा पनि स्वास्थ्य तथा पानी र सरसफाइसम्बन्धी अध्यायहरू सबभन्दा महत्त्वपूर्ण छन् ।

**मूलभूत मानवीय मापदण्ड** र त्यसपछिका मापदण्डहरूलगायतका साझेदारीका हाम्रा मापदण्डहरू उत्तिकै महत्त्वपूर्ण छन् र ती मापदण्डहरू मानवीय मापदण्डहरूसम्बन्धी साझेदारीका अर्थात् **नगद सहयोग, वृद्ध-वृद्धा तथा अपाङ्गता भएका व्यक्तिहरूको समावेशीकरण, आपत्कालीन परिस्थितिहरूमा शिक्षा, बाल संरक्षण र बजार तथा आर्थिक पुनर्लाभका** अङ्ग हुन् ।

अझ बढी महत्त्वपूर्ण रूपमा, प्राविधिक सल्लाहभन्दा पर गएर यी मापदण्डहरूले मानिसहरूका अधिकार, जानकारीको आदान-प्रदान एवं सामुदायिक संलग्नताका बारेमा मार्ग-दर्शन उपलब्ध गराउँदछन् :

**क.** **जानकारी :** जनतालाई के भइरहेको छ भन्ने कुरा थाहा पाउने र चालिएका कदमहरू उनीहरूको आफ्नै र समुदायको सर्वोत्तम हितमा छन् भन्ने कुरामाथि विश्वास गर्ने अधिकार मानिसहरूलाई हुन्छ । महामारी, वास्तविक खतरा र उनीहरूबाट के अपेक्षा गरिएको छ भन्ने सम्बन्धमा स्पष्ट, पारदर्शी तथा बुझ्न सकिने जानकारी पाउने अधिकार मानिसहरूलाई हुन्छ ।

ख. **मर्यादा :** मानिसहरू मानव हुन्, खालि बिरामी मात्र होइनन् । उनीहरूको मानवीय मर्यादालाई सम्मान गर्नु तपाईंले गर्ने प्रतिकार्यको आधार हो । केही मानिसहरू तिरस्कारसँग सम्बन्धित अवस्थासहित बाँचिरहेका हुन सक्दछन् अथवा उनीहरू साँच्चिकै कोरोनाभाइरस भएको कारणले गर्दा तिरस्कार गरिन सक्दछ भनी डराएका हुन सक्दछन् । यसले आफूमाथि भेदभाव हुन नदिनका लागि बिमारी लुकाउने कुरातिर यस्ता मानिसहरूलाई प्रवृत्त गराउन सक्दछ । त्यसकारण, सहयोग गर्ने सन्देश तथा हेरचाह उपलब्ध गराउनु महत्त्वपूर्ण हुन्छ ।

**ग.** **सामुदायिक संलग्नता :** यदि तपाइँ विश्वासको निर्माण गर्न चाहनुहुन्छ भने पारदर्शी रूपमा जानकारीको आदान-प्रदान गर्नुहोस्, प्रत्यक्ष रूपमा समुदाय (महिला, बाल-बालिका, वृद्ध-वृद्धा, अपाङ्गता भएका व्यक्ति र प्रायः अन्य बहिष्कृत समूहलगायत) लाई संलग्न गर्नुहोस्, उनीहरूका कुरा सुन्नुहोस् र हल्ला तथा गलत जानकारी फैलिन नदिनका लागि उनीहरूका दृष्टिकोण, सामाजिक मान्यता एवं विश्वासहरूका बारेमा थाहा पाउनुहोस् ।

**घ.** **अन्य आवश्यकता तथा अरूहरूलाई नबिर्सनुहोस् :** कोरोना भाइरस फैलने कार्यको रोकथाममा केन्द्रित हुँदा यसले हामीलाई प्रभावित मानिसहरूका अन्य आवश्यकताहरूलाई बिर्सने बनाउनु हुँदैन, न त व्यापक जनसङ्ख्याका दीर्घकालीन आवश्यकताहरूलाई नै हामीले बिर्सन हुन्छ ।

तपाईं यो काम प्रभावित समुदायहरूका लागि मर्यादित तथा सुरक्षित किसिमले कसरी सम्पन्न गर्नुहुन्छ ? यसपछिका पृष्ठहरूमा दिइएका प्राविधिक मार्ग-दर्शनहरूले यो कसरी सम्पन्न गर्ने भन्ने कुरा तपाईंलाई देखाउनेछन् । यसमा मानवीय मापदण्डहरूका धेरै सान्दर्भिक परिच्छेदहरू पर्दछन् ।

थप जानकारीका लागि, कृपया हामीसँग सम्पर्क गर्नुहोस् : **info@spherestandards.org**
**www.spherestandards.org**

Humanitarian Standards Partnership

Sphere | ADCAP Age & Disability Capacity | THE ALLIANCE FOR CHILD PROTECTION IN HUMANITARIAN ACTION

CaLP The Cash Learning Partnership | Inter-agency Network for Education in Emergencies | LEGS Livestock Emergency Guidelines & Standards | seep leading collaboration & learning

and

CHSAlliance

# कोभिड -१९ सँग लड्नका लागि मानवीय मापदण्डहरूको प्रयोग

## विषयसूची


१. स्फियरका मापदण्डहरू (पृष्ठ ३)
२. मूलमूत मानवीय मापदण्ड (पृष्ठ ६)
३. मानवीय मापदण्डहरूसम्बन्धी साझेदारी (पृष्ठ ७)
४. नगद सहयोग (पृष्ठ ७)
५. वृद्ध-वृद्धा तथा अपाङ्गता भएका व्यक्तिहरूको समावेशीकरण (पृष्ठ ८)
६. आपत्कालीन परिस्थितिहरूमा शिक्षा (पृष्ठ ९)
७. बाल संरक्षण (पृष्ठ १०)
८. बजार तथा आर्थिक पुनर्लाभ (पृष्ठ ११)

# १. स्फियरका मापदण्डहरू

प्राविधिक मार्ग-दर्शनका रूपरेखाहरू यस दस्तावेजका दुई परिच्छेदहरूमा प्रस्तुत गरिएका छन् :

१.१. पहिलो परिच्छेदमा त्यस्ता आधारभूत सिद्धान्तहरू समेटिएका छन् जुन सिद्धान्तहरू सफल, समग्र कार्यक्रमका लागि महत्त्वपूर्ण छन् ।

१.२ दोस्रो परिच्छेदमा स्फियर निर्देशिकाका पानी आपूर्ति, सरसफाइ तथा स्वास्थ्यसम्बन्धी अध्यायहरूका सान्दर्भिक मापदण्ड तथा मार्ग-दर्शनहरू समेटिएका छन् ।

## १.१.समष्टिगत अवधारणा

स्फियरले मानवीय क्रियाकलापका लागि समग्र, मानिसहरूमाथि केन्द्रित अवधारणा प्रस्तुत गर्दछ । यसमा आधारसम्बन्धी तीन अध्यायहरू अर्थात् **मानवीय बडापत्र, संरक्षणसम्बन्धी सिद्धान्तहरू र मूलभूत मानवीय मापदण्ड** छन् र यी चार अध्यायहरूले प्राविधिक अध्यायहरूलाई पुष्टि गर्दछन् । कोरोना भाइरससम्बन्धी[1] प्रतिकार्यका लागि तीनवटा महत्त्वपूर्ण तथा व्यापक कारक तत्त्वहरू छन् : पहिलो, मानिसहरूलाई मानवका रूपमा हेरिनुपर्दछ, खालि बिरामीका रूपमा मात्र हेरिनु हुँदैन । **मानवीय मर्यादा** निर्देशिकाभरि अन्तर्निहित छ । दोस्रो, **सामुदायिक संलग्नता** निर्णायक हुन्छ । अनि तेस्रो, कोरोना भाइरस फैलने कार्यको रोकथाममा केन्द्रित हुँदा यसले हामीलाई प्रभावित मानिसहरूका **अन्य आवश्यकताहरूलाई** बिर्सने बनाउनु हुँदैन, न त व्यापक जनसङ्ख्याका दीर्घकालीन आवश्यकताहरूलाई नै हामीले बिर्सन हुन्छ ।

### क. मानवीय मर्यादा

स्फियर निर्देशिकाको प्रयोग गर्ने समयमा कृपया मानवीय बडापत्रको मर्मअनुसार यसको प्रयोग गर्नुहोस् । मानिसहरूलाई **मर्यादा**पूर्वक बाँच्न पाउने अधिकार हुन्छ । संरक्षणसम्बन्धी सिद्धान्त तथा मानवीय बडापत्रका आधारभूत कुराहरू अर्थात् प्रतिकार्य कसरी सञ्चालन गर्ने भन्नेबारेमा मानिसहरूलाई सधैँ संलग्न पार्नै पर्दछ भन्ने कुरालाई सधैँ सम्झनुहोस् ।

यदि लक्षित सम्पूर्ण मानिसहरूलाई अलग गरिएमा, तिनको परीक्षण गरिएमा र यदि उनीहरू बिरामी भएको पत्ता लागेका खण्डमा उनीहरूको उपचार गरिएमा मात्र कोरोनाभाइरससम्बन्धी प्रतिकार्य प्रभावकारी हुन्छ । यस कारणले गर्दा उपचारका लागि अगाडि आउन सङ्कोच मानिरहेका हुन सक्ने मानिसहरूको पहिचान तपाईंले गर्नु आवश्यक हुन्छ । केही मानिसहरू **तिरस्कारसँग** सम्बन्धित अवस्थासहित बाँचिरहेका हुन सक्दछन् अथवा उनीहरू साँच्चिकै कोरोनाभाइरस भएको कारणले गर्दा तिरस्कार गरिन सक्दछ भनी डराएका हुन सक्दछन् । यसले आफूमाथि भेदभाव हुन नदिनका लागि बिमारी लुकाउने कुरातिर यस्ता मानिसहरूलाई प्रवृत्त गराउन सक्दछ । यसले गर्दा तत्काल स्वास्थ्य सेवा प्राप्त गर्नबाट मानिसहरूलाई रोकिरहेको हुन सक्दछ र स्वस्थकर व्यवहार अवलम्बन गर्नबाट उनीहरूलाई निरुत्साहित गरिरहेको कुन सक्दछ । त्यसकारण, सहयोग गर्ने सन्देश तथा हेरचाह उपलब्ध गराउनु महत्त्वपूर्ण हुन्छ । यस सम्बन्धमा, संरक्षणसम्बन्धी सिद्धान्तहरू १ र २ प्रत्यक्ष रूपमा सान्दर्भिक छन् किनभने तिनले मानवीय बडापत्रमा उल्लेख गरिएका तीनवटा अधिकारहरू अर्थात् मर्यादा, संरक्षण र सहयोगका अधिकारहरूलाई विस्तृत पार्दछन् ।

➔ संरक्षणसम्बन्धी सिद्धान्त १ : संरक्षणसम्बन्धी पहिलो सिद्धान्त भनेको *मानिसहरूको सुरक्षा, मर्यादा तथा अधिकारहरूको प्रवर्धन गर्नुहोस् र उनीहरूलाई थप हानि-नोक्सानीको सामना गर्नबाट जोगाउनुहोस्* भन्ने हो । यसमा संरक्षणसम्बन्धी जोखिम, सन्दर्भको विश्लेषणको महत्त्व, संवेदनशील जानकारीमाथि कारबाही तथा संरक्षणसम्बन्धी सामुदायिक संयन्त्रहरूमा सहयोग (ती जनस्वास्थ्यका उद्देश्यहरूको विपरीत नभएका अवस्थाका हकमा) का बारेमा छलफल गरिएको छ ।

➔ संरक्षणसम्बन्धी सिद्धान्त २ : संरक्षणसम्बन्धी दोस्रो सिद्धान्त भनेको *आवश्यकताबमोजिम र भेदभावविना निष्पक्ष सहयोगमा मानिसहरूको पहुँच हुनुपर्दछ* भन्ने हो । यस सिद्धान्तमा मानवीय सहयोग प्राप्त गर्ने अधिकार अभिव्यक्त छ । यो अधिकार भनेको मानवीय बडापत्रमा व्यक्त गरिएका स्फियरका तीनवटा अधिकारहरूमध्येको एक हो ।

### ख. सामुदायिक संलग्नता

कमजोर स्वास्थ्य सङ्क्रामक रोगहरू फैलनुको महत्त्वपूर्ण कारक तत्त्व हो । कोरोनाभाइरस थोपाहरू (droplets) बाट फैलिन्छ, त्यसकारण हात स्वस्थ हुनु यसलाई फैलनबाट रोक्नका लागि प्रमुख तत्त्व हो । त्यसकारण हात धुने कार्यमाथि जोड दिँदै स्वास्थ्यको प्रवर्द्धन गर्नु प्रमुख कुरा हुन्छ तर यसले त्यस समयमा मात्र काम गर्दछ जुन समयमा समुदाय पूर्ण रूपमा संलग्न हुन्छ । यस कार्यमा सञ्चार तथा निर्णय गर्ने प्रक्रियामा समुदायलाई संलग्न बनाएर विश्वास तथा आपसी समझदारी बढाउने कार्य पर्दछन् ।

स्वास्थ्य प्रवर्द्धनमा नियमित रूपमा हात धुने कार्यमाथि दिइने जोड र यस खास प्रतिकार्य-विशेषका लागि सुरक्षाका अरू उपायहरूलाई समावेश गर्नै पर्दछ । अन्य उपायको उदाहरण भनेको तपाईंले अरू मानिसहरूसँग दूरी कायम गर्नु हो ।

➔ हात धुने कार्यका लागि, **स्वास्थ्य प्रवर्धनसम्बन्धी मापदण्डहरू १.१ (स्वास्थ्य प्रवर्धन) र १.२ (स्वास्थ्यसम्बन्धी सामग्रीहरू)** हेर्नुहोस् ।

समुदायमा विद्यमान दृष्टिकोण तथा विश्वासहरूले या त प्रतिकार्यमा सहयोग पुऱ्याउन सक्दछन् या बाधा उत्पन्न गर्न सक्दछन् । त्यसैले यस्ता दृष्टिकोण तथा विश्वासहरूका बारेमा थाहा पाउनु र तिनलाई सम्बोधन गर्नु महत्त्वपूर्ण हुन्छन् । रोगको सङ्क्रमण हुन नदिनका लागि केही सामाजिक मान्यताहरूलाई परिवर्तन गर्नु आवश्यक हुन सक्दछ । उदाहरणका लागि, हात मिलाउने कार्यलाई प्रतिस्थापित गर्नका लागि अभिवादनका वैकल्पिक स्वरूपहरू पत्ता लगाउनु अथवा बजारहरूमा मासु काट्ने एवं जनावरहरूसँग गरिने व्यवहारका स्वरूपका बारेमा समुदायसँग मिलेर तपाईंले काम गर्नु आवश्यक हुन सक्दछ । यसरी नै खास कोभिड-१९ को रोकथाम तथा उपचारका त्यस्ता उपायहरूको पनि पहिचान गर्नुहोस् र तिनलाई प्रोत्साहित गर्नुहोस् जुन उपायहरूले समुदायमा काम गर्दछन् । यदि समुदायका घरदैलो कार्यक्रमका कार्यकर्ताहरूले सङ्क्रमित व्यक्तिहरूको पहिचान गर्दछन् अथवा यससँग सम्बन्धित कामहरू गर्दछन् भने यी कामहरू गर्नका लागि उनीहरूलाई प्रशिक्षित पार्नै पर्दछ (तल दिइएको स्वास्थ्यसम्बन्धी मापदण्ड २.१.४ पनि हेर्नुहोस्) ।

---

[1] कोरोनाभाइरसहरू भनेका भाइरसका ठूला परिवार हुन् । हालै पत्ता लागेको कोरोनाभाइरस सर्वप्रथम हुबेई प्रान्त (चीन) मा डिसेम्बर २०१९ मा पत्ता लागेको थियो र यस कोरोनाभाइरसले कोभिड-१९ नामक रोग उत्पन्न गर्दछ । कोभिड-१९ को फलस्वरूप निमोनिया, श्वास-प्रश्वाससम्बन्धी अतितीव्र लक्षणहरूको स्वरूप, मिर्गौलाले काम नगर्ने र मृत्युसमेत हुन सक्दछ । सन् २०२० को फेब्रुअरी महिनाको २६ तारिखसम्ममा विश्वभर यसका करीब ८१,००० बिरामीहरू भएको रिपोर्ट प्राप्त भएको छ । *(स्रोत : विश्व स्वास्थ्यसङ्गठन)*

त्यसरी नै, समुदायको प्रभावकारी संलग्नताबाट **हल्ला तथा गलत जानकारीहरूको** पहिचान गर्न र तिनलाई सम्बोधन गर्न सकिन्छ । हल्ला तथा गलत जानकारीहरू खास गरी शहरहरूमा छिट्टै फैलन्छन् । त्यसकारण, **शहरी केन्द्रहरूमा** समुदायहरू र खास सरोकार भएका समूहहरूको पहिचान गर्नु र तिनलाई संलग्न पार्नु खास गरी महत्त्वपूर्ण हुन्छन् । खास सरोकार भएका यस्ता समूहहरूमा विद्यालय, क्लब, महिला समूह अथवा ट्याक्सी चालकहरू पर्दछन् । यसमा सार्वजनिक स्थल, सञ्चारका माध्यम र प्रविधिले मदत गर्न सक्दछन् । स्वास्थ्यसेवा तथा सेवाहरूका बारेमा सही जानकारी तदारुकतापूर्वक उपलब्ध गराउनका लागि प्रविधिको प्रयोग गर्नुहोस् । दोस्रो र तेस्रो तहका स्वास्थ्य सेवाप्रदायकहरू प्रायः बढी सक्रिय हुन्छन् । त्यसैले प्राथमिक स्वास्थ्यसेवा पुऱ्याउनका लागि यी सेवाप्रदायकहरूको क्षमता अभिवृद्धि गर्नुहोस् । दोस्रो र तेस्रो तहका स्वास्थ्य सेवाप्रदायकहरूलाई सङ्क्रामक रोगहरूका लागि पूर्व-सूचना दिने तथा प्रतिकार्य गर्ने प्रणालीहरूमा संलग्न पार्नुहोस् र आफ्ना सामान्य सेवाहरू प्रदान गर्नका लागि ती सेवाप्रदायकहरूको क्षमता अभिवृद्धि गर्नुहोस् ।

➡ सामुदायिक संलग्नताका लागि, **पानी आपूर्ति, सरसफाइ र स्वास्थ्यसम्बन्धी अध्यायको परिचय र पानी आपूर्ति, सरसफाइ र स्वास्थ्यसम्बन्धी मापदण्ड ६ : रोगहरू फैलने कार्य र स्वास्थ्यसंस्थाहरूको परिवेशको परिचय** हेर्नुहोस् ।

➡ शहरी मार्ग-दर्शनका लागि **स्फियर भनेको के हो ? शहरी परिवेशसम्बन्धी परिच्छेद, पानी आपूर्ति, सरसफाइ र स्वास्थ्यसम्बन्धी अध्यायको परिचयका साथसाथै स्वास्थ्यसम्बन्धी अध्यायको परिचय** हेर्नुहोस् ।

### ग. प्रभावित समुदायका मानवीय आवश्यकता तथा मेडिकलसम्बन्धी व्यापक आवश्यकताहरू

➡ प्रभावित मानिसहरूका लागि, मनो-सामाजिक हेरचाह तथा सान्त्वना दिने हेरचाहले उनीहरूमा निजत्व तथा आबद्धताको भावना र संवेगात्मक रूपमा निको पार्ने कार्यमा महत्त्वपूर्ण रूपमा सहयोग पुऱ्याउँदछन् । **स्वास्थ्यसम्बन्धी मापदण्डहरू २.६** र **२.७** हेर्नुहोस् ।

स्फियर निर्देशिकाका स्वास्थ्यसम्बन्धी अन्य सम्पूर्ण मापदण्डहरू सान्दर्भिक रही नै रहन्छन् । यिनमा मातृ तथा प्रजनन स्वास्थ्य, सङ्क्रमण नहुने रोगहरू, चोटपटक, बाल स्वास्थ्यसेवा र अन्य सवालहरू समेटिएका छन् । ती सेवाहरूलाई प्रभावित मानिसहरू र तीभन्दा परका मानिसहरू – दुवैका लागि जारी राख्नुपर्दछ । सन् २०१४ मा पश्चिम अफ्रिकाका धेरै स्वास्थ्यकर्मीहरूलाई अन्यत्र लगाइयो र इबोला प्रतिकार्यमा खटाइयो । यसले गर्दा स्वास्थ्यसेवाको सहयोगबाट वञ्चित हुने गरी अन्य सेवाहरूलाई त्यसै छोडियो । यसको फलस्वरूप मातृमृत्यु बढी र बाल्यावस्थामा खोप अपर्याप्त भए । यस कारणले गर्दा त्यसभन्दा पछिल्लो वर्षमा रोगको महामारी फैलियो र सङ्क्रमण नहुने रोग लागेका बिरामीहरूले निरन्तर उपचार सेवा पाएनन् । त्यसै अलपत्र छोडिएका स्वास्थ्यकेन्द्र र क्षेत्रहरूमा मृत्युको सङ्ख्या उल्लेखनीय रह्यो ।

### १.२. मेडिकल प्रतिकार्य

कोरोनाभाइरससम्बन्धी मेडिकल प्रतिकार्यका बारेमा पानी आपूर्ति, सरसफाइ तथा स्वास्थ्यसम्बन्धी अध्यायहरूमा मार्ग-दर्शनहरू छन् ।

### क.पानी आपूर्ति, सरसफाइ तथा स्वास्थ्यसम्बन्धी अध्याय

कृपया मुख्य क्रियाकलाप, सूचकहरू तथा मार्ग-दर्शनका लागि टिपोटहरूलगायत **स्वास्थ्य प्रवर्धनसम्बन्धी पूरै परिच्छेदमा** दिइएका मार्ग-दर्शनहरूको प्रयोग गर्नुहोस् ।

➡ **मापदण्ड १.१ (स्वास्थ्य प्रवर्द्धन)** मा *पानी, सरसफाइ तथा स्वास्थ्यसँग सम्बन्धित जनस्वास्थ्यका मुख्य जोखिमहरूका बारेमा मानिसहरू सचेत हुनु आवश्यक हुन्छ र उनीहरूले ती जोखिमहरूलाई कम गर्नका लागि व्यक्तिगत, घर-परिवार तथा समुदायको तहमा उपायहरू अवलम्बन गर्न सक्दछन्* भन्ने कुरा आवश्यक हुन्छ ।

➡ **मापदण्ड १.२ (स्वास्थ्यसम्बन्धी सामग्रीहरू)** मा *स्वास्थ्य, सरसफाइ, मर्यादा तथा कल्याणमा सहयोग पुऱ्याउनका लागि उपयुक्त सामग्रीहरू उपलब्ध छन् र प्रभावित मानिसहरूद्वारा तिनलाई प्रयोगमा ल्याइएको छ* भन्ने कुरा आवश्यक हुन्छ ।




➡

**पानी आपूर्ति, सरसफाइ तथा स्वास्थ्यसम्बन्धी मापदण्ड ६ (स्वास्थ्यसेवासम्बन्धी परिवेशमा पानी आपूर्ति, सरसफाइ तथा स्वास्थ्य)** मा भनिएको छ : *स्वास्थ्यसंस्थासम्बन्धी सम्पूर्ण परिवेशहरूमा रोगहरू फैलने समयका लागि समेत पानी, सरसफाइ र स्वास्थ्यसम्बन्धी सङ्क्रमणको रोकथाम तथा नियन्त्रणसम्बन्धी न्यूनतम मादण्डहरू कायम गर्दछन्* । यो मापदण्ड कोभिड-१९ सम्बन्धी प्रतिकार्यमा प्रत्यक्ष रूपमा लागू हुन्छ र यस मापदण्डलाई पूर्ण रूपमा प्रयोगमा ल्याउनुपर्दछ । यसले पुनः स्वास्थ्यको प्रवर्द्धन तथा समुदायसँग मिलेर गर्नुपर्ने काममाथि प्रकाश पार्दछ । तलको चित्रमा महामारीको समयमा समुदायमा आधारित पानी आपूर्ति, सरसफाइ तथा स्वास्थ्यसम्बन्धी क्रियाकलापहरूको सङ्क्षिप्त विवरण उपलब्ध गराइएको छ । कोभिड-१९ सँग सम्बन्धित कार्यक्रमहरूलाई, उदाहरणका लागि हात धुने कार्यलाई लिनुपर्दछ ।
स्वास्थ्यसम्बन्धी क्रियाकलापहरूका लागि, **सङ्क्रामक रोगहरूसम्बन्धी मापदण्ड २.१.१** देखि **२.१.४** सम्म (तल) हेर्नुहोस् ।

### ख.स्वास्थ्यसम्बन्धी अध्याय :

स्वास्थ्यसम्बन्धी अध्यायमा दुई परिच्छेदहरू छन् : क. स्वास्थ्य प्रणालीहरू र ख. अत्यावश्यक स्वास्थ्यसेवा ।

१. स्वास्थ्य प्रणालीहरू

राम्ररी काम गरिरहेको स्वास्थ्य प्रणालीले सङ्कटमा सम्पूर्ण स्वास्थ्यसेवालाई सम्बोधन गर्न सक्दछ जसले गर्दा ठूलो मात्राको महामारीको अवधिमा समेत स्वास्थ्यसेवासम्बन्धी अन्य

गतिविधिहरू जारी रहिरहन सक्दछन् । स्वास्थ्य प्रणालीमा राष्ट्रिय, क्षेत्रीय, जिल्लास्तरीय र समुदायदेखि घरपरिवारको तहसम्मका हेरविचार गर्ने मानिसहरू, सैनिक तथा निजी क्षेत्रसम्मका सम्पूर्ण तहहरू समेटिन्छन् । मानवीय प्रतिकार्यका लागि प्राथमिकताहरूको निर्धारण गर्नका लागि सङ्कटबाट स्वास्थ्यप्रणालीमाथि परेको प्रभावका बारेमा थाहा पाउनु महत्त्वपूर्ण हुन्छ ।

स्वास्थ्य प्रणालीसम्बन्धी परिच्छेद यसका पाँचवटै मापदण्डहरूसहित सम्पूर्ण रूपमा सान्दर्भिक छ । निम्नलिखित बुँदाहरूप्रति विशेष ध्यान दिनुपर्दछ :

- **स्वास्थ्य प्रणालीसम्बन्धी मापदण्ड १.१ (स्वास्थ्यसेवा प्रवाह) मा** उपलब्धता, स्वीकार्यता, सर्वसुलभता, समुदाय तहमा हेरविचार, उपयुक्त तथा सुरक्षित सुविधाहरू, सङ्क्रमणको रोकथाम तथा नियन्त्रणका बारेमा मार्ग-दर्शनका लागि टिपोटहरू समावेश गरिएका छन् ।
- **स्वास्थ्य प्रणालीसम्बन्धी मापदण्ड १.२ (स्वास्थ्यसेवासम्बन्धी जनशक्ति)** मा मार्ग-दर्शनका लागि टिपोटहरूअन्तर्गत खास प्रतिकार्यका लागि उपयुक्त रूपमा जनशक्तिलाई दिइने प्रशिक्षणको महत्त्वमाथि प्रकाश पार्दै गुणस्तरमाथि मार्ग-दर्शनका लागि टिपोटहरू समावेश गरिएका छन् ।
- **स्वास्थ्य प्रणालीसम्बन्धी मापदण्ड १.३ (अत्यावश्यक औषधि तथा मेडिकल उपकरणहरूमा पहुँच)** ।
- **स्वास्थ्य प्रणालीसम्बन्धी मापदण्ड १.५ (स्वास्थ्यसम्बन्धी जानकारी)** मा रोगको निगरानीका बारेमा एक परिच्छेद छ । यसको सम्बन्ध **सङ्क्रामक रोगसम्बन्धी मापदण्ड २.१.२** (निगरानी, महामारी पत्ता लगाउने कार्य तथा शुरुमा नै प्रतिकार्य) सँग छ ।

### २. अत्यावश्यक स्वास्थ्यसेवा - सङ्क्रमण हुने रोगहरूसम्बन्धी परिच्छेद

सङ्क्रामक रोगहरूसम्बन्धी सबै चार मापदण्डहरू (स्वास्थ्यसम्बन्धी मापदण्ड २.१.१ देखि २.१.४ सम्म) अति नै सान्दर्भिक छन् । तिनमा रोकथाम (२.१.१), निगरानी, महामारी पत्ता लगाउने कार्य तथा शुरुमा नै प्रतिकार्य (२.१.२), निदान र बिरामीको व्यवस्थापन (२.१.३) र महामारीका लागि पूर्वतयारी र प्रतिकार्य (२.१.४) समेटिएका छन् । निम्नलिखित बुँदाहरूप्रति विशेष ध्यान दिनुपर्दछ :

- **मापदण्ड २.१.१ (रोकथाम) :** *मानिसहरूको पहुँच सङ्क्रामक रोगहरूको रोकथाम गर्नका लागि स्वास्थ्यसेवा तथा सूचनामा छ ।* यस मापदण्डको सम्बन्ध पछाडिको सामुदायिक संलग्नतासँग छ । मुख्य क्रियाकलाप २ मा त्रास तथा हल्लालाई सम्बोधन गरिएको छ र यसको सम्बन्ध पछाडिको समुदायलाई संलग्न पार्ने र त्यसका बारेमा थाहा पाउने कार्यसँग छ । रोकथाम तथा नियन्त्रणका उपायहरू समेटिएका मुख्य क्रियाकलाप ४ र ५ उत्तिकै महत्त्वपूर्ण छन् । जोखिमको लेखाजोखा, रोकथामका अन्तर्क्षेत्रीय (intersectoral) उपायहरू, स्वास्थ्य प्रवर्द्धन र खोप (यदि यस्तो खोपको विकास गरिसकिएको छ भने, स्वीकृत कुनै पनि खोप हालसम्म विकास गरिसकिएको छैन) का बारेमा कृपया मार्ग-दर्शनका लागि टिपोटहरू पढ्नुहोस् ।

- **मापदण्ड २.१.२ (निगरानी, महामारी पत्ता लगाउने कार्य तथा शुरुमा नै प्रतिकार्य) :** *निगरानी तथा प्रतिवेदन पेश गर्ने प्रणालीले शुरुमा नै महामारी फैलिएको कुरा पत्ता लगाउने कार्य र शुरुमा नै प्रतिकार्य गर्ने अवसर उपलब्ध गराउँदछ ।* यस मापदण्डलाई यसको समष्टिगत रूपमा हेर्नुपर्दछ । यसको सम्बन्ध स्वास्थ्य प्रणालीसम्बन्धी मापदण्ड १.५ सँग छ (स्वास्थ्यसम्बन्धी जानकारी, माथि हेर्नुहोस्) ।

- **मापदण्ड २.१.३ (निदान तथा हेरचाहको व्यवस्थापन)** । मुख्य क्रियाकलापहरू महत्त्वपूर्ण हुन्छन् । यिनमा जोखिमका बारेमा स्पष्ट जानकारी र सन्देश दिने कार्य (मुख्य क्रियाकलाप १), बिरामीको व्यवस्थापनसम्बन्धी स्तरीय नियमहरू (मुख्य क्रियाकलाप २) र प्रयोगशाला तथा निदानका लागि पर्याप्त क्षमता (मुख्य क्रियाकलाप ३) पर्दछन् । दीर्घकालीन हेरचाह पाइरहेका मानिसहरूका लागि उपचारमा अवरोध आएको छैन भन्ने कुरा सुनिश्चित गर्ने कार्य (मुख्य क्रियाकलाप ४) माथि पनि प्रकाश पारिएको छ । यस मापदण्डका निमित्त मार्ग-दर्शनका लागि महत्त्वपूर्ण टिपोटहरू हुन् : उपचारसम्बन्धी नियमहरू, श्वास-प्रश्वासको तीव्र सङ्क्रमण (जीवाणुबाट भएको दोस्रो सङ्क्रमणबाहेक भाइरल सङ्क्रमणहरूका लागि जीवाणुप्रतिरोधी औषधि (antibiotic) आवश्यक हुँदैन) र प्रयोगशालामा परीक्षण ।

- **मापदण्ड २.१.४ (महामारीका लागि पूर्वतयारी तथा प्रतिकार्य)** । मुख्य क्रियाकलापहरूमा पूर्वतयारी तथा प्रतिकार्य (मुख्य क्रियाकलाप १), नियन्त्रणका उपायहरू (मुख्य क्रियाकलाप २), प्रबन्धगत व्यवस्था तथा प्रतिकार्यको क्षमता (मुख्य क्रियाकलाप ३) र समन्वय (मुख्य क्रियाकलाप ४) समेटिएका छन् । मार्ग-दर्शनका लागि टिपोटहरूमा महामारीका लागि पूर्वतयारी तथा प्रतिकार्यसम्बन्धी योजना, महामारीको नियन्त्रण, बिरामीको मृत्युदर (कोभिड -१९ का लागि हालसम्म अनुमानित २ प्रतिशत) र बाल-बालिकाहरूको हेरचाह समेटिएका छन् ।

---

**सिकेका पाठहरूका बारेमा जानकारीको आदान-प्रदान गरौं**

स्फियरले कोरोना भाइरसको प्रतिकार्यमा हालसालै प्रकट भइरहेका अभ्यास तथा प्रमाणहरूको मिलान गर्दछ र तिनको प्रचार-प्रसार गर्दछ । यदि यस दस्तावेजमा कुनै टिप्पणी छन् भने अथवा जानकारीको आदान-प्रदान गर्नका लागि कुनै उत्कृष्ट अभ्यास छन् भने, कृपया सम्पर्क गर्नुहोस् **handbook@spherestandards.org.**

---

**Sphere**
Route de Ferney, 150 | Geneva | Switzerland
**info@spherestandards.org**
**spherestandards.org**

## २. मूलभूत मानवीय मापदण्ड

मूलभूत मानवीय मापदण्डसम्बन्धी गठबन्धन (Core Humanitarian Standard Alliance – CHS Allaince) गठबन्धनले मूलभूत मानवीय मापदण्डको प्रत्येक प्रतिबद्धताको सान्दर्भिकताको व्याख्या गर्दै छुट्टै वेबपेज प्रकाशन गरेको छ। यस सम्बन्धमा थप मार्ग-दर्शनका लागि, कृपया **CHS Allaince webpage** हेर्नुहोस् ।

### विश्वव्यापी महामारीको हाम्रो प्रतिकार्यमा मूलभूत मानवीय मापदण्डसम्बन्धी प्रतिबद्धतालाई कसरी पूरा गर्ने ?

यो त्यस्तो जनस्वास्थ्यसम्बन्धी सामाजिक तथा आर्थिक सङ्कट हो जुन सङ्कट साँच्चिकै मात्राका दृष्टिबाट विश्वव्यापी छ। भ्रमण तथा आवागमनमा नियन्त्रणहरू छन्। त्यसैले राष्ट्रिय तथा स्थानीय तहका स्वास्थ्यसेवा, नागरिक समाज एवं मानवीय सङ्गठनहरूले महत्त्वपूर्ण भूमिकाको निर्वाह गर्नेछन्। भेदभावविना सम्पूर्ण मानिसहरूको समान पहुँच स्वास्थ्य सेवा तथा उपचारमा हुनुपर्दछ र मर्यादा तथा सम्मानपूर्वक उनीहरूको उपचार गरिनुपर्दछ।

यस महामारीमा गरिने प्रतिकार्यका लागि सान्दर्भिक मूलभूत मानवीय मापदण्डका मुख्य प्रतिबद्धताहरू यस प्रकार छन् :

- **प्रतिबद्धता १ : मानवीय प्रतिकार्य उपयुक्त तथा सान्दर्भिक छ**

  कोभिड-१९ ले अतिसङ्कटासन्न मानिसहरूको जोखिमलाई तीव्र पार्दछ। मानिसहरूका विविध आवश्यकताहरूमाथि ध्यान दिनु र प्रतिकार्य फरक-फरक समूहहरूका लागि समावेशी छ भन्ने कुरा सुनिश्चित गर्नका लागि प्रतिकार्यलाई अनुकूलित पार्नु सधैंको भन्दा अझ बढी महत्त्वपूर्ण भएको छ।

- **प्रतिबद्धता २ : मानवीय प्रतिकार्य प्रभावकारी छ र समयमा नै गरिएको छ**

  कोभिड-१९ मा प्रतिकार्य गर्नका लागि कार्यक्रमहरूलाई तुरुन्तै अनुकूलित पार्नु आवश्यक हुन्छ। परिस्थिति द्रुत गतिमा विकसित भइरहने कारणले गर्दा तुरुन्तै र प्रभावकारी निर्णयहरू गर्नुपर्दछ। यसले लचकता र अनुकूलन गर्न सक्ने अवस्थाको आवश्यकतालाई सुदृढ पार्दछ।

- **प्रतिबद्धता ३ : मानवीय प्रतिकार्यले स्थानीय क्षमतालाई सुदृढ पार्दछ र नकारात्मक असरहरूलाई हटाउँछ**

  कोभिड-१९ को फलस्वरूप सहायताकर्मीहरूको यात्रामाथि र अन्तर्राष्ट्रिय कर्मचारीहरूको स्वदेशफिर्तीमाथि नियन्त्रण लागेको छ। राष्ट्रिय तथा स्थानीय साझेदारहरूको पहिलेदेखि नै रहेको ठूलो योगदान उल्लेखनीय रूपमा वृद्धि हुनेछ।

  मानवीय व्यवहारमाथि पर्ने कोभिड-१९ को प्रभावका बारेमा थाहा छैन तर यसले सम्भवत: त्यस्ता परिवर्तनहरू तथा अवरोधहरू ल्याउनेछ जुन परिवर्तन तथा अवरोधहरूले यौन शोषण तथा दुर्व्यवहार, सामाजिक सुरक्षामा चुनौती, जालसाजी र अन्य आपराधिक गतिविधिहरूको बढ्दो जोखिमतिर प्रवृत्त गराउन सक्दछन्। त्यसकारण सम्भावित नकारात्मक व्यवहारहरूप्रति बढी ध्यान दिनुहोस्।

- **प्रतिबद्धता ४ : मानवीय प्रतिकार्य सञ्चार, सहभागिता र पृष्ठपोषणमा आधारित छ।**

  कोभिड-१९का विरुद्धको लडाइँमा सफल हुनका निमित्त मानिसहरूले यो फैलने कार्यलाई व्यवस्थापन गर्नका लागि लागू गरिएका नियमहरू बुझ्ने, तिनलाई स्वीकार गर्ने र तिनको सम्मान गर्ने पर्दछ। सञ्चार महत्त्वपूर्ण छ तर पनि समुदायहरूलाई संलग्न पार्ने केही स्तरीय विधिहरू (जस्तै : समूहगत छलफल, आमने-सामने भएर गरिने बैठकहरू) मा सम्झौता गरिन्छ। रोगको सङ्क्रमणको रोकथाम गर्नका निमित्त सामाजिक मान्यताहरूलाई संशोधन गर्नु आवश्यक हुन्छ।

- **प्रतिबद्धता ६ : मानवीय प्रतिकार्यमा समन्वय गरिएको छ र यो एक-अर्काका लागि पूरक छ।**

  स्रोतहरूका लागि प्रतिस्पर्धा भइरहेको समयमा कोभिड-१९ को समयमा गरिने प्रतिकार्यमा सुसङ्गत सहकार्य (coherent collaboration) को माग गरिन्छ।

- **प्रतिबद्धता ८ : कर्मचारीहरूलाई आफ्नो काम प्रभावकारी ढङ्गले गर्न सहयोग गरिन्छ र तिनप्रति निष्पक्ष तथा न्यायोचित व्यवहार गरिन्छ।**

  प्रत्येक व्यक्तिले महामारीका जोखिमहरूको सामना गर्नुपर्ने हुन्छ र उसले कोभिड-१९ मा गरिने प्रतिकार्यमा थप तनावको अनुभव गर्नेछ।

---

थप जानकारीका लागि, **bsokpoh@chsalliance.org** मा मूलभूत मानवीय मापदण्डसम्बन्धी गठबन्धनका नीति, पैरवी तथा सिकाइका प्रमुखसँग सम्पर्क गर्नुहोस्। वेबसाइट **corehumanitarianstandard.org** पनि हेर्नुहोस्।

## ३. मानवीय मापदण्डहरूसम्बन्धी साझेदारी(Humanitarian Standards Partnership – HSP)

स्फियरले ६ वटा अन्य मानवीय मापदण्ड पहलहरूसहित **मानवीय मापदण्डहरूसम्बन्धी साझेदारीको** स्थापना गऱ्यो । यस साझेदारीको लक्ष्य भनेको सम्पूर्ण क्षेत्रहरूका बीचमा मानवीय क्रियाकलापहरूको गुणस्तर तथा जवाफदेहितामा सुधार ल्याउनु र मापदण्डहरूको प्रयोगमा प्रयोगकर्ताहरूलाई सहयोग उपलब्ध गराउनका लागि सामञ्जस्यपूर्ण अवधारणाको प्रवर्धन गर्नु हो ।

त्यस्ता सातवटा पहलहरू तल दिएका छन् जुन मिलेर मानवीय मापदण्डहरूसम्बन्धी साझेदारी बनेको छ :

- **स्फियर मापदण्डहरू** (स्फियर)
- **मानवीय क्रियाकलापहरू/CPMS मा बाल संरक्षणका लागि न्यूनतम मापदण्डहरू** (मानवीय क्रियाकलापमा बाल संरक्षणका लागि गठबन्धन)
- **आपत्कालीन परिस्थितिमा पशुपालनसम्बन्धी निर्देशिका तथा मापदण्डहरू** (LEGS)
- **आर्थिक पुनर्लाभका लागि न्यूनतम मापदण्डहरू**/(Minimum Economic Recovery Standards – MERS) (SEEP Network)
- **शिक्षाका लागि न्यूनतम मापदण्डहरू** (आपत्कालीन परिस्थितिहरूमा शिक्षाका लागि अन्तर्निकाय सञ्जाल - Inter-agency Network for Education in Emergencies – INEE)
- **बजार विश्लेषणका लागि न्यूनतम मापदण्डहरू/MISMA** (Cash Learning Partnership/CaLP)
- **वृद्ध-वृद्धा तथा अपाङ्गता भएका मानिसहरूका लागि मानवीय समावेशीकरणसम्बन्धी मापदण्डहरू** (Helpage International, Age and Disability Capacity Program – ADCAP)

तलका पृष्ठहरूमा मानवीय मापदण्डहरूसम्बन्धी साझेदारीका सान्दर्भिक मापदण्डहरूका बारेमा थप मार्ग-दर्शन उपलब्ध गराइएको छ ।

## ४. नगद सहयोग

*नगदका बारेमा सिकाइसम्बन्धी साझेदारी (Cash Learning Partnership – CaLP) को कोभिड-१९ मा गरिने प्रतिकार्यका लागि **वेबपेज** (webpage) छ ।*

### मार्ग-दर्शन र स्रोतहरू

तपाईं **यस लिङ्क** (link) का स्रोत, सिकाइ तथा प्रश्नहरूका बारेमा जानकारीको आदान-प्रदान गर्न सक्नुहुन्छ ।

यस **कोभिड-१९ तथा नगद एवं भौचरको सहयोग (Cash and Voucher Assistance – CVA) सम्बन्धी प्रत्यक्ष मार्ग-दर्शनका** मुख्य बुँदाहरूको सार-सङ्क्षेप प्रस्तुत गरिएको छ र ती मार्ग-दर्शनहरूलाई नगदका बारेमा सिकाइसम्बन्धी साझेदारीले बढी स्रोतहरू थपिँदै जाँदा निरन्तर रूपमा अद्यावधिक गर्दछ ।

कोभिड तथा नगद एवं भौचरसम्बन्धी मार्ग-दर्शनको उद्देश्य सङ्गठनहरूले आफ्ना कामहरूमा कोभिड-१९ का सम्भावित प्रभावहरूका बारेमा थाहा पाउनका निमित्त र तिनका लागि तयारी गर्नका निमित्त, ती सङ्गठनहरूले आफूले कार्य सञ्चालन गर्ने सन्दर्भहरूका लागि नगद एवं भौचरको सहयोग ठीक छ कि छैन भनी विचार गर्नका निमित्त र यदि यस्तो छ भने कार्यक्रम चक्रका हरेक चरणमा कसरी सुरक्षित एवं प्रभावकारी रूपमा सेवा प्रवाह गर्न सकिन्छ भन्नेबारेमा विचार गर्नका निमित्त सङ्गठनहरूलाई मदत गर्नु हो ।

### आगामी कार्यक्रमहरू

यस वेबपेजमा वेबगोष्ठीहरू (webinars), विज्ञहरूका बीचमा छलफल र अन्य घटनाहरूका बारेमा जानकारी दिनका लागि एक परिच्छेद छ ।

### सबभन्दा पछिल्लो जानकारी

यस वेबपेजमा नगदका बारेमा सिकाइसम्बन्धी साझेदारी (Cash Learning Partnership – CaLP) का सदस्यहरूका मार्ग-दर्शनहरूको सूची र दस्तावेजहरू समावेश गरिएका छन् ।

## ५. वृद्ध-वृद्धा तथा अपाङ्गता भएका व्यक्तिहरूको समावेशीकरण

*हेल्पएज (HelpAge) ले यस कोभिड-१९ मा मार्ग-दर्शनका लागि सहयोग गर्नका निमित्त मुख्य सन्देशहरूको विकास गऱ्यो ।*

स्फियरका मार्ग-दर्शनहरूमा पूरकको काम गर्नका निमित्त, हामीले कसैलाई पछाडि छोड्नु हुँदैन भन्ने कुरा सुनिश्चित गर्नु महत्त्वपूर्ण छ । वृद्ध-वृद्धा तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि मानवीय समावेशीकरणसम्बन्धी मापदण्डहरू (Humanitarian Inclusion Standards for Older People and People with Disabilities) का निम्नलिखित मार्ग-दर्शनहरूले तल लेखिएबमोजिमका सान्दर्भिक सवालहरूलाई सम्बोधन गर्दछन् :

- वृद्ध-वृद्धा तथा अपाङ्गता र/अथवा दीर्घ रोग भएका व्यक्तिहरूले चिन्ताका साथसाथै थप जोखिम एवं परिणामहरूको सामना गर्दछन् र यसले गर्दा मानवीय परिवेशमा जीवन रक्षाका लागि जारी चुनौती थपिन जान्छ ।
- गम्भीर जोखिममा रहेका भनी प्रायः उद्धृत गरिने व्यक्तिहरूमा बढी मात्रामा वृद्ध-वृद्धा तथा अपाङ्गता र/अथवा दीर्घ रोग भएका व्यक्तिहरू हुन्छन् ।
- पाखा पारिएको कारणले गर्दा मानवीय परिवेशमा वृद्ध-वृद्धा तथा अपाङ्गता भएका व्यक्तिहरूलाई कोरोनाभाइरसको महामारीबाट आफैंलाई संरक्षण गर्नका लागि एकदमै प्रभावकारी कदमहरू चाल्नु बढी कठिन हुन सक्दछ ।
- कोभिड-१९ को भाइरसले वृद्ध-वृद्धा तथा अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्यमा मात्र चुनौती उत्पन्न गर्दैन, बरु उनीहरूको स्वतन्त्रतामा पनि चुनौती उत्पन्न गर्दछ ।

*गतिविधिहरू समावेशी छन् र तिनलाई मूलप्रवाहमा ल्याइएको छ भन्ने कुरा सुनिश्चित गर्नका लागि तलका बुँदाहरू उपयोगी हुन्छन् :*

### पानी, सरसफाइ तथा स्वास्थ्यसम्बन्धी गतिविधिहरूमा वृद्ध-वृद्धा तथा अपाङ्गता भएका व्यक्तिहरूको समावेशीकरण सुनिश्चित गर्नका लागि मुख्य सन्देशहरूको प्रवाह

- **पानी, सरसफाइ र स्वास्थ्यका लागि आपूर्ति :** वृद्ध-वृद्धा तथा अपाङ्गता भएका व्यक्तिहरूले गर्ने पानीको प्रयोग तथा स्वास्थ्यसम्बन्धी अभ्यासहरू र उनीहरूका लागि त्यस्ता आपूर्तिहरूलाई कसरी अनुकूलित पार्नु आवश्यक छ भन्नेबारेमा उनीहरूलाई सोध्नुहोस् । बोकेर हिँड्नका निमित्त सजिलो होस् भन्नका लागि पानीका साना भाँडा, व्यक्तिगत हेरचाहको अवधिमा एकान्तका लागि अवसर प्रदान गर्नका निमित्त बोकेर हिँड्न मिल्ने छेकबार र क्याथेटर (Catheter) जस्ता स्वास्थ्यका अनुकूलित सामग्रीहरूजस्ता सामग्रीहरूको विशेष रूपमा गरिने अनुकूलन अथवा विकल्पहरूका बारेमा विचार गर्नुहोस् ।
- **पहुँच गर्न सकिने जानकारी :** प्रत्येक व्यक्तिका लागि पहुँच गर्न सकिने बनाउनका निमित्त साधारण भाषाको प्रयोग गर्दै स्वास्थ्यको प्रवर्धन तथा पानी, सरसफाइ तथा स्वास्थ्यसम्बन्धी सुविधाहरूका बारेमा जानकारी उपलब्ध गराउनकन लागि सञ्चारका विभिन्न माध्यमहरू र फरक-फरक ढाँचाहरूको प्रयोग गर्नुहोस् ।
- **घरदैलो कार्यक्रम :** वितरण केन्द्रहरूलाई पहुँच गर्न सकिने बनाउनका निमित्त प्रयासहरू गर्दागर्दै पनि त्यस्ता केन्द्रहरूमा पुग्नका लागि बाधाहरूको सामना गर्न सक्ने वृद्ध-वृद्धा तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि घरमा नै सामान पुऱ्याउने व्यवस्था अथवा सामान पुऱ्याउनका लागि स्वयंसेवकहरूजस्ता घरदैलो कार्यक्रमसम्बनधी रणनीतिहरूको प्रयोग गर्नुहोस् ।
- **स्वास्थ्यको प्रवर्द्धन :** वृद्ध-वृद्धा तथा अपाङ्गता भएका व्यक्तिहरूका आवश्यकता, क्षमता तथा अभ्यासहरूअनुरूप अनुकूलित गरिएका र स्वास्थ्यको प्रवर्धनसम्बन्धी सान्दर्भिक, पहुँच गर्न सकिने र स्पष्ट सन्देशका सम्पूर्ण प्रवाहहरूमा सहयोग उपलब्ध गराउनुहोस् ।

### स्वास्थ्यसम्बन्धी गतिविधिहरूमा वृद्ध-वृद्धा तथा अपाङ्गता भएका व्यक्तिहरू समावेश गरिएका छन् भन्ने कुरा सुनिश्चित गर्नका लागि मुख्य सन्देशहरूको प्रवाह :

- **नक्साङ्कन :** स्वास्थ्यसम्बन्धी सुविधाहरू रहेका स्थानहरूको नक्साङ्कन गर्नुहोस् र वृद्ध-वृद्धा तथा अपाङ्गता भएका व्यक्तिहरूलाई असर गर्ने तिनको पहुँचमा रहेका बाधाहरूको पहिचान गर्नका लागि ती स्थानहरूमा जानुहोस् ।
- **पहुँच पुऱ्याउन कठिन भएका मानिसहरू :** त्यस्ता वृद्ध-वृद्धा तथा अपाङ्गता भएका व्यक्तिहरूको पहिचान गर्नका लागि समुदायसँग परामर्श गर्नुहोस् जुन वृद्ध-वृद्धा तथा अपाङ्गता भएका व्यक्तिहरूसम्म पुग्न कठिन छ । यस्ता वृद्ध-वृद्धा तथा अपाङ्गता भएका व्यक्तिअन्तर्गत घरमा अथवा आवासमा बस्ने व्यक्तिहरू र स्वास्थ्यसंस्थाहरूसम्म पुग्न कठिनाइ भएका मानिसहरू पर्दछन् ।
- **स्वास्थ्यको संस्थागत हेरचाह :** आवासीय क्षेत्रका बासिन्दाहरूका स्वास्थ्यसम्बन्धी आवश्यकताहरूलाई कसरी सम्बोधन गरिएको छ भन्ने कुराको लेखाजोखा गर्नका लागि मानसिक चिकित्सासम्बन्धी अस्पताल र हेरचाह गृहहरूजस्ता संस्थाहरूको भ्रमण गर्नुहोस् । यदि यस्ता संस्थाहरूमा पर्याप्त मात्रामा कर्मचारी नभएका खण्डमा (उदाहरणका लागि, यदि कर्मचारीहरूले आपत्कालीन परिस्थितिको अवधिमा छोडेर गएका छन् भने) त्यस्ता संस्थाका बासिन्दाहरूलाई स्वास्थ्यसेवा तथा अन्य सेवाहरू उपलब्ध गराउनका लागि अन्य संस्थाहरूबाट विशेषज्ञहरू र स्थानीय समुदायबाट सदस्यहरूको व्यवस्था मिलाउनुहोस् ।
- **पहुँचको अनुगमन :** स्वास्थ्य सेवालाई प्रयोगमा ल्याइरहेका वृद्ध-वृद्धा तथा अपाङ्गता भएका व्यक्तिहरूको सङ्ख्याको अनुगमन गर्नुहोस् । अत्यावश्यक उपचार, अनुसरण सेवाहरू (follow-up services), औषधि र उनीहरू निर्भर रहने सहयोगी उत्पादनहरूलगायत मेडिकल उपकरणहरूका बारेमा तपाईंलाई बताउनका निमित्त वृद्ध-वृद्धा तथा अपाङ्गता भएका व्यक्तिहरूलाई अनुरोध गर्नुहोस् ।

## ६. आपत्कालीन परिस्थितिहरूमा शिक्षा

आपत्कालीन परिस्थितिहरूमा शिक्षाका लागि अन्तर्निकाय सञ्जाल (Inter-agency Network for Education in Emergencies – INEE) ले कोभिड-१९ द्वारा प्रभावित स्थानहरूमा शिक्षाका प्रावधानहरूमा सहयोग पुऱ्याउनका लागि स्रोतहरूको सूचीको सङ्कलन, मूल्याङ्कन तथा प्रस्तुत गरिरहेको छ र यिनमा दूर सिकाइ, वैकल्पिक शिक्षा, विद्युतीय माध्यमबाट सिकाइ तथा मनो-सामाजिक सहयोगमाथि विशेष जोड दिइएको छ।

माथि रूपरेखा प्रस्तुत गरिएको समग्र अवधारणा तथा आपत्कालीन परिस्थितिहरूमा शिक्षाका लागि अन्तर्निकाय सञ्जालका सम्पूर्ण मार्ग-दर्शनहरूमा टेवा पुऱ्याउने आधारभूत मापदण्डहरूअनुरूप यस सञ्जालका शिक्षासम्बन्धी न्यूनतम मापदण्डहरूका सान्दर्भिक परिच्छेदहरूलाई उपयोगमा ल्याउनका लागि सुझावहरू तल दिइएका छन् :

**पहुँच तथा सिकाइसम्बन्धी वातावरण, आपत्कालीन परिस्थितिहरूमा शिक्षाका लागि अन्तर्निकाय सञ्जाल (INEE) का न्यूनतम मापदण्डसम्बन्धी क्षेत्र २**

शिक्षा भनेको महत्त्वपूर्ण अधिकार तथा स्रोत हो र सङ्कटको अवधिमा प्रायः शिक्षा एकदमै सीमित हुन्छ। परिस्थितिको सामना गर्नका लागि र जीवनमा सामान्य अवस्थाको स्थापना गर्नका लागि प्रभावित मानिसहरूलाई मदत गर्ने कार्यमा शिक्षाले महत्त्वपूर्ण भूमिकाको निर्वाह गर्दछ। यसले जीवनरक्षाका लागि ज्यान बचाउने खालको ज्ञान तथा सीप उपलब्ध गराउन सक्दछ र शिक्षाको समानता तथा गुणस्तरमा सुधार ल्याउने परिवर्तनका निमित्त अवसरहरू उपलब्ध गराउन सक्दछ।

**क्षेत्र २, मापदण्ड १ : समान पहुँच**
सम्पूर्ण व्यक्तिहरूको पहुँच गुणस्तरीय र सान्दर्भिक शिक्षाका अवसरहरूमा छ।
**मुख्य क्रियाकलापहरू**

- शैक्षिक आवश्यकताहरू पूरा गर्नका लागि प्रभावित जनसङ्ख्यालाई **लचिलो, औपचारिक तथा अनौपचारिक शिक्षा**का अवसरहरू क्रमिक रूपमा उपलब्ध गराइन्छ (मार्ग-दर्शनका लागि टिपोटहरू ३, ४, ५ हेर्नुहोस्)
- **पर्याप्त स्रोतहरू उपलब्ध छन्** र तिनले शैक्षिक गतिविधिहरूको निरन्तरता, न्याय तथा गुणस्तर सुनिश्चित गर्दछन्।
- आपत्कालीन परिस्थितिद्वारा उत्पन्न अवरोध समाप्त भएपछि **सम्भव भएसम्म चाँडो औपचारिक शिक्षा प्रणालीमा प्रवेश अथवा पुनः प्रवेश गर्नका लागि सिक्ने व्यक्तिहरूलाई अवसर** हुन्छ।

**संरक्षण तथा कल्याण**
**क्षेत्र २, मापदण्ड २: संरक्षण तथा कल्याण**

- सिक्ने वातावरणहरू संरक्षित तथा सुरक्षित छन् र **सिक्ने व्यक्ति, शिक्षक तथा शिक्षासम्बन्धी अन्य कर्मचारीहरूको संरक्षण एवं मनो-सामाजिक कल्याणको** प्रवर्धन गर्दछन्।
- **मुख्य क्रियाकलापहरू**सिकाइमा सहयोग पुऱ्याउने वातावरणको सिर्जना गर्नका निमित्त र सिक्ने व्यक्तिहरूको मनो-सामाजिक कल्याण प्रवर्धन गर्नका निमित्त शिक्षक तथा शिक्षासम्बन्धी अन्य कर्मचारीहरूले आवश्यक सीप तथा ज्ञान हासिल गर्दछन् (मार्ग-दर्शनका लागि टिपोटहरू २. ३. ८ हेर्नुहोस्)

**स्वास्थ्य तथा पोषण**
**क्षेत्र २, मापदण्ड ३: सुविधा तथा सेवाहरू**

- शिक्षासम्बन्धी सुविधाहरूले सिक्ने व्यक्ति, शिक्षक तथा शिक्षासम्बन्धी अन्य कर्मचारीहरूको सुरक्षा एवं कल्याणको प्रवर्धन गर्दछन् र ती सुविधाहरू स्वास्थ्य, पोषण, मनो-सामाजिक सेवा र संरक्षणसम्बन्धी सेवाहरूसँग सम्बन्धित छन्।
  **मुख्य क्रियाकलापहरू**
- सीपमा आधारित स्वास्थ्य शिक्षाको प्रवर्धन सिकाइसम्बन्धी वातावरणहरूमा गरिन्छ (मार्ग-दर्शनका लागि टिपोटहरू ६ हेर्नुहोस्)

  भोक र प्रभावकारी सिकाइ तथा विकासका अन्य बाधाहरूलाई सम्बोधन गर्नका लागि **विद्यालयमा आधारित स्वास्थ्य तथा पोषणसम्बन्धी सेवाहरू** उपलब्ध छन् (मार्ग-दर्शनका लागि टिपोट ७ हेर्नुहोस्)।

  विद्यालय तथा सिकाइका स्थलहरू बाल संरक्षण, स्वास्थ्य, पोषण, सामाजिक तथा मनो-सामाजिक सेवाहरूसँग सम्बन्धित छन् (मार्ग-दर्शनका लागि टिपोट ८ हेर्नुहोस्)।

---

**आपत्कालीन परिस्थितिहरूमा शिक्षाका लागि अन्तर्निकाय सञ्जाल ९क्लतभच(बनभलअथ ल्भतधयचप यिच भ्मगअबतष्यल ष्ल ज्ञभचनभलअष्भक - क्ल्भ्भ० को न्यूनतम मापदण्डसम्बन्धी प्रशिाण** अथवा अन्य प्राविधिक अथवा **क्षमता अभिवृद्धिसम्बन्धी** आवश्यकताहरूलगायत यस सञ्जालका न्यूनतम मापदण्डहरूलाई **सन्दर्भअनुकूल पार्नेबारेमा** र तिनलाई प्रयोगमा ल्याउनेबारेमा थप जानकारीका लागि, कृपया **minimumstandards@inee.org** मा **Natalie Brackett** सँग सम्पर्क गर्नुहोस्। **inee.org** पनि हेर्नुहोस्।

# ७. बाल संरक्षण

कोभिड-१९ जस्ता सङ्क्रामक रोगहरूले बाल-बालिका वढ्ने र विकसित हुने वातावरणहरूमा अवरोध पुऱ्याउन सक्दछन् । बाल-बालिकाहरूको स्वास्थ्य तथा तिनको हेरचाह गर्ने व्यक्तिहरूको स्वास्थ्यमाथि तत्काल पर्ने प्रभावका अतिरिक्त, कोभिड-१९ को महामारीद्वारा उत्पन्न सामाजिक तथा आर्थिक अवरोधहरूले बाल-बालिकाहरूप्रति दुर्व्यवहार, उपेक्षा, शोषण तथा हिंसाको जोखिमलाई बढाउँदछन् । सन् २०१९ का मानवीय क्रियाकलापमा बाल संरक्षणसम्बन्धी न्यूनतम मापदण्डहरू (2019 Minimum Standards for Child Protection in Humanitarian Action) मा कोभिड-१९ को महामारीमा बाल-बालिकाहरूलाई सुरक्षित राख्नका निमित्त र बाल-बालिका एवं परिवारको कल्याणमा सहयोग गर्नका निमित्त महत्त्वपूर्ण क्रियाकलापहरू उपलब्ध गराइएको छ ।

बाल संरक्षण तथा मानवीय क्रियाकलापमा सक्रिय निकायहरूले बाल-बालिका, तिनका परिवार र समुदायहरूको कल्याण तथा संरक्षणमाथि पर्ने महामारीका असरहरूको विश्लेषण गर्नुपर्दछ । सबभन्दा महत्त्वपूर्ण रूपमा, कोभिड-१९ को महामारीमा बाल संरक्षणका लागि छुट्टै प्रतिकार्य र बाल-बालिकाहरूको संरक्षण तथा कल्याणमा सहयोग गर्नका लागि क्षेत्रहरूका बीचमा मिलेर गरिने कार्य – दुवै हुन सक्दछन् ।

## बाल संरक्षणसम्बन्धी मुख्य जोखिमहरू

रोगको कारणबाट बाल-बालिकाहरू आफ्ना बाबु-आमा तथा हेरचाह गर्ने व्यक्तिहरूबाट बिछोडिएका हुन सक्दछन् अथवा तिनलाई गुमाउन सक्दछन् (मापदण्ड १३), उल्लेखनीय रूपमा मनो-सामाजिक पीडाको अनुभव गर्न सक्दछन् (मापदण्ड १०) र शिक्षा तथा संरक्षणसम्बन्धी सेवाहरूमा तिनको सीमित पहुँच हुन सक्दछ । बाबु-आमा तथा हेरचाह गर्ने व्यक्तिहरू बढ्दो तनावमा हुन्छन् र यसले शारीरिक अथवा संवेगात्मक (emotional) दुर्व्यवहारको बढ्दो दरतिर डोऱ्याउन सक्दछ ( मापदण्ड १३) । हेरचाह गर्ने केही व्यक्तिहरूले जीविकोपार्जन गुमाउन सक्दछन् र एकदमै सङ्कटासन्न व्यक्तिहरूले बालश्रम (मापदण्ड १२) अथवा बालविवाह ( मापदण्ड ९) जस्ता सामना गर्ने नकारात्मक संयन्त्रहरूको सहारा लिन सक्दछन् । सीमित सुपरिवेक्षण र बढ्दो एकान्तवासले गर्दा तिनले रिपोर्ट गर्ने सरोकारहरूलाई बढी कठिन पनि बनाउन सदक्छन् । स्वास्थ्यसंस्थाहरूमा बाल-बालिका मात्र भएका खण्डमा यसले गर्दा उनीहरू खास गरी यौनिक तथा लैङ्गिकतामा आधारित हिंसालगायतका हिंसा, दुर्व्यवहार तथा शोषणप्रति सङ्कटासन्न हुन सक्दछन् ।

## बाल संरक्षणसम्बन्धी प्रतिकार्यका लागि मुख्य रणनीतिहरू

कोभिड-१९ सँग सम्बन्धित बाल संरक्षणका जोखिमहरूको रोकथाम गर्नका निमित्त र यसमा प्रतिकार्य गर्नका निमित्त बाल-बालिका, परिवार, समुदाय एवं समाजको तहमा सञ्चालन गर्नका लागि क्रियाकलापहरूका बारेमा विचार गर्नुहोस् । प्राथमिकताप्राप्त मुख्य क्रियाकलापहरूमा तल उल्लिखित क्रियाकलाप पर्दछन् :

- समुदायमा रिपोर्ट गर्ने कार्य, टेलिफोनको हेल्पलाइन (help lines) तथा अन्य अथवा अनलाइन संयन्त्रहरू (online mechanisms) लगायत बाल संरक्षणका घटनाहरूको पहिचान, तिनमा प्रतिकार्य र थप सेवाका निमित्त अन्यत्र पठाउने कार्यका लागि अनुकूलन गर्न सकिने रणनीतिहरूको विकास गर्नुहोस् (मापदण्ड १८ पनि हेर्नुहोस्) ।
- घुम्ती तथा दूर अवधारणाहरू (mobile and distance approaches), घरका लागि किटहरू (at-home kits) लगायत मनो-सामाजिक सहयोग उपलब्ध गराउनका लागि वैकल्पिक रणनीतिहरूको पहिचान गर्नुहोस् र तिनको कार्यान्वयन गर्नुहोस् (मापदण्ड १५ बाल कल्याणका लागि समूहगत गतिविधिहरू हेर्नुहोस्) ।
- हेरचाहका सुरक्षित, परिवारमा आधारित वैकल्पिक व्यवस्थाको स्थापना गर्नुहोस् अथवा त्यसलाई सुदृढ पार्नुहोस् र अस्थायी रूपमा हेरचाह गर्ने व्यक्तिहरूसँग बिछोडिएका बाल-बालिकाहरूलाई नियमित रूपमा हेरचाह गर्ने ती व्यक्तिहरूसँग नियमित रूपमा सञ्चार गर्नका लागि अवसरहरू सुनिश्चित गर्नुहोस् (मापदण्ड १९ वैकल्पिक हेरचाह हेर्नुहोस्) ।

## क्षेत्रहरूका बीचमा प्राथमिकताप्राप्त क्रियाकलापहरू

बहु-क्षेत्रीय, बाल संरक्षणप्रति संवेदनशील प्रतिकार्यले बाल-बालिका तथा हेरचाह गर्ने व्यक्तिहरूलाई पुग्ने थप हानि-नोक्सानी तथा जोखिमहरूको रोकथाम गर्दछ, उनीहरूका आवश्यकताहरूलाई समग्र रूपमा सम्बोधन गरिएको छ भन्ने कुरा सुनिश्चित गर्दछ र बाल-बालिकाहरूका लागि उत्कृष्ट प्रतिफलहरूका दिशातर्फ डोऱ्याउँदछ । न्यूनतम रूपमा, स्वास्थ्य (मापदण्ड २४), पानी, सरसफाइ तथा स्वास्थ्य (मापदण्ड २६), शिक्षा (मापदण्ड २३) र पोषण (मापदण्ड २५) का क्षेत्रमा क्रियाशील निकायहरूले बाल संरक्षणसम्बन्धी न्यूनतम मापदण्डहरूका सान्दर्भिक मापदण्डहरू (CPMS) का सान्दर्भिक मापदण्डहरूअनुरूप प्रतिकार्यमा बाल संरक्षणसम्बन्धी जोखिम एवं सरोकारहरूलाई समावेश गर्नुपर्दछ । स्वास्थ्य क्षेत्रका लागि महत्त्वपूर्ण मुख्य क्रियाकलापहरू यी हुन् :

- परिवारबाट भएको बिछोडका जोखिमहरू कम गर्नका लागि बाल-बालिका भर्ना गर्ने र फिर्ता पठाउने स्पष्ट, बाल-मैत्री कार्यविधि स्थापित गर्नुहोस् ।
- उपचार गराइरहेका बाल-बालिकाहरूलाई मनो-सामाजिक सहयोग सुनिश्चित गर्नका लागि बाल संरक्षणमा क्रियाशील निकायहरूसँग सहकार्य गर्नुहोस् ।
- रिपोर्ट गर्ने बाल-मैत्री संयन्त्रहरूलगायत स्वास्थ्यसंस्थाहरूमा बाल-बालिकाहरूको सुरक्षा गर्ने प्रणालीहरू स्थापना गर्नुहोस् अथवा तिनलाई सुदृढ पार्नुहोस् ।

---

बाल संरक्षण तथा कोभिड-१९ का बारेमा बढी विस्तृत मार्ग-दर्शनका लागि कृपया **Technical Note: Protection of Children during Coronavirus Pandemic** (प्राविधिक टिपोट : कोराभाइरस महामारमा बाल-बालिकाहरूको संरक्षण) हेर्नुहोस् । सन् २०१९ का मानवीय क्रियाकलापमा बाल संरक्षणसम्बन्धी न्यूनतम मापदण्डहरू (2019 CPMS) का बारेमा कृपया **एलाएन्सको वेबसाइट** (Alliance website) सँग परामर्श गर्नुहोस् अथवा **cpms.wg@alliancecpha.org** मा ई-मेल गर्नुहोस् ।

# ८. बजार तथा आर्थिक पुनर्लाभ

*यो मार्ग-दर्शन साना उद्यम तथा शिक्षाको प्रवर्धनसम्बन्धी सञ्जाल (Small Enterprise and Education Promotion Network - SEEP Network) द्वारा उपलब्ध गराइएको हो ।*

आर्थिक पुनर्लाभसम्बन्धी न्यूनतम मापदण्डहरू *(Minimum Economic Recovery Standards -MERS) को पूर्ण पाठ तपाईं अनलाइन (online) पढ्न सक्नुहुन्छ ।*

मानिसहरू कसरी बाँच्दछन् भन्ने कुराका साथसाथै सामानहरू खरिद गर्नका लागि र बिक्री गर्नका लागि मानिसहरूले भेट गर्ने भौतिक स्थान भएको कारणले गर्दा बजारहरूले महत्त्वपूर्ण भूमिकाको निर्वाह गर्दछन् । कोभिड-१९ ले समुदायहरूका सामान्य गतिविधि तथा सम्बन्धहरूमा अवरोध खडा गर्ने भएको कारणले यस सम्बन्धमा के गर्ने भन्नेबारेमा मार्ग-दर्शनका लागि हामी आर्थिक पुनर्लाभसम्बन्धी न्यूनतम मापदण्डहरू हेर्न सक्दछौं । सामाजिक दूरीलाई सिफारिस गरिएको अहिलेको समय भनेको लेखाजोखा तथा विश्लेषणसम्बन्धी मापदण्डको **समीक्षा गर्ने** एकदमै उपयुक्त समय हो । त्यसरी नै मापदण्ड १ बमोजिम बजारको भावी लेखाजोखा गर्ने (अन्य स्थानमा के भइरहेको छ भन्ने आधारमा असरहरूका बारेमा भविष्यवाणी गर्न पहिले नै हामी शुरु गर्न सक्दछौं भन्ने कुरालाई ध्यानमा राख्दै) पनि यो एकदमै उपयुक्त समय हो । यो सधैं बदलिइरहने सङ्कट हो । त्यसैले परिस्थितिको निरन्तर रूपमा अनुगमन तथा लेखाजोखा गर्नका लागि र पुनरावृत्ति गर्नका लागि **लेखाजोखा तथा विश्लेषणसम्बन्धी मापदण्डहरूमध्येको मापदण्ड ६** पनि हेर्नुहोस् ।

एकदमै साना व्यवसायहरू आमने-सामने भएर गरिने अन्तर्क्रियामाथि निर्भर रहन्छन् । यस कारणले गर्दा उनीहरूले ग्राहक तथा आम्दानी गुमाएर धेरै क्षति व्यहोर्नुपर्ने एकदमै सम्भावना हुन्छ भन्ने कुरा हामीलाई थाहा छ । अनि, यसका असरहरू खाद्य सुरक्षाका साथसाथै सफा गर्ने उत्पादन तथा स्वच्छ पानीजस्ता सफा गर्ने त्यस्ता अन्य आधारभूत आवश्यकताहरूको पहुँचमाथि पर्दछन् जुन भाइरसको नियन्त्रणका लागि महत्त्वपूर्ण छन् । शुरुमा नै बजार प्रणालीका विश्लेषणहरूको कार्यान्वयन (**मापदण्ड २**) र बजारमा विद्यमान क्रियाशील निकायहरूसँग मिलेर गरिने काम (**मापदण्ड ४**) का बारेमा मार्ग-दर्शनका निमित्त उद्यम तथा बजार प्रणालीका विकाससम्बन्धी मापदण्डहरू (Enterprise and Market System Development Standards) हेर्नुहोस् । व्यवसायहरू कसरी आफ्ना ग्राहकहरूसम्म पुग्न सक्दछन्, आफ्ना उत्पादन/सेवाहरू सुरक्षित रूपमा कसरी उपलब्ध गराउन सक्दछन् र यसो गर्दा खर्चलाई कसरी कम गर्न सक्दछन् भन्नेबारेमा नयाँ-नयाँ कुरा पत्ता लगाउनका लागि त्यस्ता व्यवसायहरूलाई सहयोग गर्नुहोस् (**मापदण्ड ५**) । सङ्कटको अवधिमा र सङ्कटपछि व्यवसायहरू सङ्कुचित हुने अथवा फैलने भएको कारणले गर्दा रोजगारीहरूमाथि असर पर्दछ भन्ने तथ्यलाई स्वीकार गर्दै शालीन तथा दिगो रोजगारीमा केन्द्रित भएर ध्यान दिनुपर्ने बुँदाहरूका लागि रोजगारीसम्बन्धी मापदण्डहरूको समीक्षा गर्नेबारेमा ध्यान दिनुहोस् । वित्तीय सेवासम्बन्धी मादपदण्डहरूअनुरूप लघुवित्त संस्था तथा बैंकजस्ता त्यस्ता वित्तीय संस्थाहरूमा पहुँच गर्नुहोस् जुन संस्थाहरूले ग्राहकहरूबाट ऋण उठाउनमा समस्याहरूको सामना गरिरहेका हुन सक्दछन् । (उदाहरणका लागि, केही बैंकहरूले पहिले नै ऋण चुक्ता गर्ने अवधिलाई तीन महिना ढीलो गरिसकेका छन्) । वित्तीय संस्थाहरूका सामाजिक दूरीसम्बन्धी आफ्नै चुनौतीहरू हुन सक्दछन् भन्ने तथ्यलाई स्वीकार गर्नुहोस् (घुम्ती सञ्जालका केही सञ्चालकहरूले नगदविनाका कारोबारहरूलाई प्रोत्साहित गर्नका निमित्त घुम्ती मुद्राको लागतलाई कम गरिरहेका छन्) । सम्पत्तिको वितरणसम्बन्धी मापदण्डहरूबमोजिम विद्यमान सम्पत्तिहरूको संरक्षण गर्ने उपायहरूको खोजी गर्नुहोस् जसले गर्दा मेडिकल बिल तिर्नुपर्ने बाध्यताअन्तर्गत अथवा आम्दानी घटेको कारणले गर्दा उत्पादनशील सम्पत्तिको बिक्री नहोस् । वितरण गरिएको कुनै पनि सम्पत्तिले स्थानीय व्यापारीहरूलाई कमजोर पारेको छैन, त्यस्तो सम्पत्तिको भण्डारण गरिएको छैन अथवा बढी मूल्यमा बिक्री गरिएको छैन भन्ने कुरा सुनिश्चित गर्नका लागि सचेत हुनुहोस् । **मापदण्ड ४** माथि ध्यान दिनुहोस् र सुरक्षित रूपमा मौजदात सामग्रीहरूको वितरण गर्नका निमित्त र आपूर्ति शृङ्खलामा शोधभर्ना सुनिश्चित गर्नका निमित्त नयाँ किसिमबाट आपूर्तिकर्ताहरूलाई सहयोग गर्नका निमित्त बजारका स्थानीय क्रियाशील निकाय र सरकारसँग मिलेर काम गर्नुहोस् ।

महत्त्वपूर्ण रूपमा, वृद्ध-वृद्धा तथा दीर्घरोगीहरू यस रोगप्रति कतिसम्म सङ्कटासन्न छन् भन्ने मात्र होइन, बरु एकान्तवासमा रहेको समयमा जीवनरक्षा गर्नका लागि वस्तु तथा सेवाहरूमा पहुँच गर्नु कति महत्त्वपूर्ण छ भन्ने कुरा पनि यस रोगबाट प्रकट भएको छ । **लैङ्गिकता** (हेरचाह गर्ने मुख्य व्यक्ति भएको कारणले गर्दा खास गरी महिलाहरूसँग), **अपाङ्गता** तथा **संरक्षणसम्बन्धी अन्तर्विषयक सवालहरू (**cross-cutting themes) ले ती सवालहरूमा सहयोग उपलब्ध गराइन्छ र तिनका आवश्यकताहरूका बारेमा थाहा पाइन्छ भन्ने कुरा पक्का गर्ने कार्यमा मुख्य महत्त्वपूर्ण भूमिकाको निर्वाह गर्दछन् । अन्तमा, कार्यान्वयन गरिएको कुनै पनि सहयोग कार्यक्रमबाट मूलभूत मानवीय मापदण्डसँग मेल खाने गरी आर्थिक पुनर्लाभसम्बन्धी गतिविधिहरूका एकदमै आधारभूत जिम्मेवारीहरू पूरा हुन्छन् भन्ने कुरा सुनिश्चित गर्नका निमित्त मूलभूत मापदण्डहरू हेर्नुहोस् ।

---

थप जानकारीका लागि, कृपया **salanti@seepnetwork.org** मा **Sonya Salanti** सँग सम्पर्क गर्नुहोस् अथवा **www.mershandbook.org** हेर्नुहोस् ।